आज मिति २०७९ साल श्रावण ६ गते तारौ पानी गाउँपालिका अध्यक्ष श्री नन्द प्रसाद चौलागाइ ज्यू को अध्यक्षतामा बसेको बैठकले देहाय को उपस्थितिमा निम्न लिखित निर्णय पारित गरियो

उपस्थिति

१, नन्द प्रसाद चौलागाइ - अध्यक्ष
२, रेवती रावल - सदस्य
३, कर्ण बहादुर कायत - ॥
४, चन्द्रमान बुढा - ॥
५, गोर्कण रावल - ॥
६, अमर बहादुर रोकाया - ॥
७, छिरिङ महत - ॥
८, विशाल खड्का - ॥
९, तिलक बहादुर रावत - ॥
८, नर बहादुर रावत - ॥
९, शोभा चौलागाइ - ॥
१०, जुनुका सार्की - ॥
११, सन्तादेवी बुढा - ॥

१५ दल सिंह कामी — सदस्य

१६, मिलन कुँवर थापा — प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा ।

२, लघु उद्यम कार्यक्रम स्थान छनौट सम्बन्धमा ।

३, पशुपक्षी विकास शाखाको रजस्व सम्बन्धमा ।

४, बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

५, पशुसेवाको नयाँ बाख्रा स्रोत विकास कार्यक्रम संघीय सरकार बाट प्राप्त कार्यक्रम तातोपानी गा.पा. वडा नं. ५ मा लागु गनुपर्ने सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १- प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम देहायका वडाहरुमा तपसिल बमोजिमको बजेट विनियोजन गर्ने निर्णय सहित सम्बन्धित वडा बाट उक्त बजेट सिमाभित्र रही आयोजना माग गर्ने निर्णय गरियो ।

तपसिल

१, वडा नं. १ — रु १२३५१५०।-

२, वडा नं. २ — रु १२६१६५०।-

३, वडा नं. ३ — रु ८५४४००।-

४, वडा नं. ४ — रु ~~१५६६६६०~~ १६३०६४०।-

५, वडा नं. ५ — रु १२१६५२०।-

६, वडा नं. ६ — रु १३[illegible]

निर्णय नं. २, - प्रस्ताव नं. २ माथि छलफल गर्दा लघु उद्यम कार्यक्रम तालिमको लागि वडा नं. ८ र वडा नं. ९ मा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३, - प्रस्ताव नं. ३ माथि छलफल गर्दा पशुपक्षी विकास शाखाको विभिन्न कार्यक्रम बारे राजस्व असुली गर्ने सम्बन्धित शाखाले पेश गरेको दररेट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं. ४, - प्रस्ताव नं. ४ माथि छलफल गर्दा वृहद क्षेत्रीय पकेट कार्यक्रम वडा नं. ६ मा संचालन गर्ने निर्णय गरियो ।

आज मिति २०७३ साल भाद्र २ गते यस तातोपानी गाउँपालिका जुम्ला का अध्यक्ष श्री नन्द प्रसाद चौलागाईको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसेको बैठकले देहायका प्रस्तावहरु माथि छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री नन्द प्रसाद चौलागाई | अध्यक्ष |
| २) | श्री कर्ण ब· कठायत | वडा नं १ अध्यक्ष |
| ३) | श्री चन्द्रमान बुढा | वडा नं २ ,, |
| ४) | श्री गोकर्ण ब· रावल | वडा नं ३ ,, |
| ५) | श्री अमर ब· रोकाया | वडा नं ४ ,, |
| ६) | श्री हिक्मत(?) महत | वडा नं ५ ,, |
| ७) | श्री विशाल खड्का | वडा नं ६ ,, |
| ८, | श्री तिलक ब· रावत | वडा नं ७ ,, |
| ९) | श्री नर ब· रावत | वडा नं ८ ,, |
| १०) | श्री मिलन बुढाथापा | प्र० प्र० अ· तातोपानी |

आमन्त्रित

१) अंगराज डांगी - प्रशासन शाखा प्रमुख
२) ओम ब· चन्द - योजना शाखा प्रमुख
३) शिवराज घिमिरे :- आर्थिक प्रशासन शाखा प्रमुख
४) गुरु प्रसाद चौलागाई :- स्वास्थ्य शाखा प्रमुख

प्रस्तावहरु,

प्रस्ताव नं १ - १५ शैय्या अस्पताल निर्माण सम्बन्धमा
प्रस्ताव नं २ · औद्योगिक ग्राम स्थापना गर्ने सम्बन्धमा

निर्णयहरु

निर्णय नं · १ - प्रस्ताव नं १मा छलफल गर्दा यस तातोपानी गाउँपालिका मा बन्ने १५ शैयाको आधारभूत अस्पताल यहि पालिका वडा नं ५ अन्तरगत स्थानमा बनाउने भनि सम्झौता व्यवस्थापन भई त्यसको DPR (डि० पि० आर) समेत तर्जुमा भई स्वास्थ्य मन्त्रालय द्वारा स्वीकृत भएको अवस्थामा आजको मितिमा नै उक्त डि० पि० आर सर्वसहमति स्वीकृत गर्ने र उक्त कार्य (अस्पताल निर्माण कार्य) का लागि डि० पि० आर.

आदि वा अन्य संघीय निकाय तथा प्रदेश मातहतका निकायबाट सहयोग माग गरी व्यवस्थापन गर्ने निर्णय सर्वसम्मति पारित गरियो।

निर्णय नं २ प्रस्ताव नं २ मा छलफल गर्दा यस पालिकाको औद्योगिक ग्राम यहि पालिकाको वडा नं ४ मा स्थापना प्रयोजनार्थ (साविक हाकु वडा नं ५, कित्ता नं ३.०८ क्षेत्रफल १४८८ रहेको सार्वजनिक स्थानमा) उक्त वडाको सर्व सम्मति निर्णयानुसार वडाको सार्वजनिक रुपमा रहेको जग्गामा आवश्यक प्रकृया अनुसार औद्योगिक ग्राम निर्माण गर्ने कालागी प्रस्तावना पेश गर्ने कार्य का लागी संघीय सरकार तथा प्रदेश सरकार संग आवश्यक समन्वय सहकार्य गर्ने निर्णय पारित गरियो।

आज मिति २०७७ साल भाद्र २१ गते यस तातोपानी गाउँपालिका गाउँकार्यपालिका मुगु का अध्यक्ष श्री नन्द प्रसाद चौलागाई ज्यू को अध्यक्षतामा बसेको बैठकले देहायका प्रस्ताव हरुमाथी छलफल गरि निर्णय पारित गरियो।

उपस्थिति

| | | | |
|---|---|---|---|
| [signature] | १) श्री नन्द प्रसाद चौलागाई | - | अध्यक्ष |
| [signature] | २) श्री रेवती ~~×~~ रावल | - | उपाध्यक्ष |
| [signature] | ३) श्री कर्ण ब. कठायत | - | सदस्य |
| [signature] | ४) श्री चन्द्रमान बुढा | | ,, |
| [signature] | ५) श्री गोकर्ण ब. रावल | | ,, |
| | ६) श्री अमर ब. रोकाया | | ,, |
| [signature] | ७) श्री छिरिङ महत | | ,, |
| [signature] | ८) श्री विशाल खड्का | | ,, |
| | ९) श्री तिलक ब. रावत | | ,, |
| | १० श्री नर ब. रावत | | ,, |
| [signature] | ११) श्री शोभा चौलागाई | | ,, |
| [signature] | १२) श्री जनकी स्वाँकी | | ,, |
| [signature] | १३) श्री सल्लादेवि बुढा | | ,, |
| [signature] | १४) श्री भृकुटी नेपाली | | ,, |
| [signature] | १५) श्री दलसिंह कामी | | ,, |
| | १६) श्री करुणादेवि शाही | | ,, |
| [signature] | १६) श्री मिलन बुढथापा | - | प्र. प्र. अ. |

प्रस्तावहरु

१) त्रिजामती सेवा दिवस सम्वन्धमा।
२) ठेक्का आवहान गर्ने सम्वन्धमा।
३) तातोपानी विकास बृहद् कार्यक्रम संचालन सम्वन्धमा।
४) निर्देशिका पास गर्ने सम्वन्धमा

बल खेल खेलने तथा यस पालिकाको हाकुँ रंगशालामा वृक्षारोपण गर्ने निर्णय गरियो ।

निर्णय नं २ - प्रस्ताव नं २ मा छलफल गर्दा यस पालिकाको वडा नं ६ छियाखोला मा बन्ने १५ शैयाको अस्पताल निर्माण का लागि केन्द्र का आव्हान गर्ने निर्णय सर्वसम्मती पारित गरियो ।

निर्णय नं ३ - प्रस्ताव नं ३ मा छलफल गर्दा यस पालिकाको समृद्दि तथा विकास का लागि यहि मिति २०७६ साल असोज महिनाको पहिलो हप्ता जिल्ला स्थित राजनीतिक दलका प्रमुख प्रतिनिधि, पत्रकार, बुद्धिजिवि, नागरिक समाज कर्मचारी हरुको आम भेला गरि "नागोपानी विकास बहस" कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं ४ प्रस्ताव नं ४ मा छलफल गर्दा स्थानिय स्वाधार अनुगमन चेकलिष्ट, स्थानिय स्वाधार मर्मत सम्भार निर्देशिका र स्थानिय स्वाधार सञ्चालन निर्देशिका कार्यपालिका बाट सर्वसम्मती पारित गरी गाउसभा बाट अनुमोदन का लागि पेश गर्ने निर्णय सर्वसम्मती पारित गरियो । साथै प्राविधिक सहयोग गर्ने प्रेम नेपाल र ध्याप्स कर्णाली परियोजनालाई धन्यवाद प्रकट गर्ने निर्णय गरियो ।

वैठक नं. : ४
मिति : २०७९।०६।२८
स्थान : तातोपानी गाउँपालिकाको सभाहल
समय : विहान ११ : ०० बजे

माथि उल्लेखित मिति,स्थान र समयमा यस तातोपानी गाउँ पालिकाका अध्यक्ष श्री नन्दप्रसाद चौलागाई ज्यू को अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसि देहायका पदाधिकारीहरुको उपस्थितिमा तपशिल बमोजिम निर्णय गरियो ।

**उपस्थितिहरु**

| | |
|---|---|
| श्री नन्दप्रसाद चौलागाई | अध्यक्ष |
| श्री रेवती रावल | उपाध्यक्ष |
| श्री कर्ण बहादुर कठायत | सदस्य |
| श्री चन्दमान बुढा | सदस्य |
| श्री गोकर्ण रावल | सदस्य |
| श्री अमर बहादुर रोकाया | सदस्य |
| श्री छिरिङ्ग महत | सदस्य |
| श्री विशाल खड्का | सदस्य |
| श्री तिलक बहादुर रावत | सदस्य |
| श्री नर बहादुर रावत | सदस्य |
| श्री शोभा चौलागाई | सदस्य |
| श्री भृकुटी नेपाली | सदस्य |
| श्री कृष्ण देवी शाही | सदस्य |
| श्री शन्ता देवी बुढा | सदस्य |
| श्री जलुकी सार्की | सदस्य |
| श्री दलसिंह कामी | सदस्य |
| श्री तिर्थ बहादुर कठायत | सदस्य सचिव |

प्रस्तावहरु :

१. स्वागत सम्बन्धमा ।

२. खाता संचालन सम्बन्धमा ।

३. राहत वितरण विवरण अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।

४. सम्बन्धित निकायमा सहयोग माग गर्ने सम्बन्धमा ।

५. खानेपानी पाईप माग गर्ने सम्बन्धमा ।

६. रकम व्यवस्थापन सम्बन्धमा ।

७. सहायक बाटो खुलाउने सम्बन्धमा ।

८. सिफारीस गरी पठाउने सम्बन्धमा ।

९. रकम सहयोग सम्बन्धमा ।

निर्णय नं. १ : संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार,काठमाण्डौको च.नं. ८०९ मिति २०७९।०५।२९ गतेको निर्णय अनुसार कनका सुन्दरी गाउँपालिका जुम्लाबाट यस तातोपानी गाउँपालिकामा कामकाजका लागि खटिनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री तिर्थ बहादुर कठायतलाई स्वागत गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : यस तातोपानी गाउँपालिका,गाउँकार्यपालिका जुम्लामा कनकासुन्दरी गाउँपालिकाबाट संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार,काठमाण्डौको च.नं. ८०९ मिति २०७९।०५।२९ गतेको निर्णय अनुसार कनका सुन्दरी गाउँपालिका जुम्लाबाट यस तातोपानी गाउँपालिकामा कामकाजका लागि खटिनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री तिर्थ बहादुर कठायत यस कार्यालयमा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सहित कामकाज गरिरहनु भएका लेखा अधिकृत श्री मिलन बुढथापा भन्दा कनिष्ठ भएकोले निज मिलन बुढथापाले कार्यालयका खाताहरु कनिष्ठ कर्मचारीसंग संचालन गर्न असमर्थता प्रकट गर्नु भएको हुँदा गाउँपालिकामा कार्यरत सहायक स्तर पाँचौ लेखापाल श्री शिवराज न्यौपाने र प्र.प्र.अ श्री तिर्थ बहादुर कठायतको संयूक्त दस्तखतमा गाउँपालिकाका खाताहरु संचालन गर्ने निर्णय गरियो । साथै लेखा अधिकृत श्री मिलन बुढथापा अन्यत्र व्यवस्थापनको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार,काठमाण्डौमा सिफारीस गरी पठाउने निर्णय समेत गरियो ।

निर्णय नं. ३ : मिति २०७९ साल असोज महिनाको १९ गते देखी २५ गते सम्म आएको अविरल वर्षाको पानिले पुऱ्याएको क्षतिको विवरण संकलन गर्न मिति २०७९।०६।२५ गते गाउँपालिका स्तरिय विपद व्यवस्थापन समितिको निर्णय अनुसार वडा स्तरिय क्षति विवरण संकलन गर्न वडा नं. १ देखी ८ सम्म जनशक्ति खटाईएकोमा सो समितिले उपलब्ध गराएको विवरण यथार्थ भए नभएको एकिन गर्न तपशिल बमोजिमको यस गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन समिति गठन गरी परीचालन गर्ने निर्णय गरियो ।

तपशिल :

| | |
|---|---|
| श्री विशाल खड्का | संयोजक |
| श्री तिलक बहादुर रावत | सदस्य |
| श्री नर बहादुर रावत | सदस्य |
| श्री अंगराज डाँगी | सदस्य सचिव |

निर्णय नं. ४ : मिति २०७९ साल असोज महिनाको १९ गते देखी २५ गते सम्म आएको अविरल वर्षाको पानिले यस तातोपानी गाउँपालिकाका घरवारी,खेतियोग्य जमिन,सडक,खानेपानी,विद्युत,पानि घट्ट क्षति पुऱ्याएको हुँदा क्षति पुऱ्याएका किशानहरुलाई राहत तथा क्षति ग्रस्त भौतिक संरचनाहरु पुन निर्माणको लागिसंघिय सरकार,प्रदेश सरकार र विभिन्न संघ संस्थाहरुमा सहयोगको लागी माग गर्ने निर्णय गरियो ।

पाईपलाईन पुर्ण रुपमा क्षतिग्रस्त भई सो पाईप पुन प्रयोग गर्न नमिल्ने भएकाले वडा नं. १ देखी ८ सम्मका वडाका लागि आवश्यक पर्ने विभिन्न साईजको खानेपानीको पाईप संघिय खानेपानी कार्यालय तथा प्रदेश खानेपानी तथा सरसफाई कार्यालय,संघ संस्थाहरुमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** : २०७९ साल असोज महिनाको १९ गते देखी २५ गते सम्म आएको अविरल वर्षाको पानिले यस पालिकाको वडा नं. ७ र ८ मा जाने एकमात्र ग्रामिण सडक त्रिवेणी देखी टोप्ला सम्मको सडक विभिन्न ठाउँमा वाढी पहिरोका कारण क्षतिग्रस्त भई आवतजावत पुर्ण रुपमा वन्द रहेको र सो सडक खण्ड सडक डिभिजन कार्यालय जुम्लाले पुर्ननिर्माण गर्ने भएकोमा सो सडक निर्माणमा प्रयोग हुने स्काभेटरका लागि तेल ~~६७५ लि.~~ को आवश्यक पर्ने रकम रु.१,५०,०००।(अक्षरुपी एक लाख पचास हजार रुपैया मात्र) सडक डिभिजन कार्यालयबाट ठेकेदारले भुक्तानि लिएका वखत सोधभर्ना हुने गरी हाललाई सो रकम विपद व्यवस्थापन कोष शिर्षकको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७** : यस तातोपानी गाउँपालिका भित्रका विभिन्न सहायक सडकहरुमा आक्त विपदको समयमा एम्बुलेन्स,दमकल लगायतका यातायातका साधनहरु लिन पर्ने भएकोले उक्त यातायातका साधनहरु गुड्ने सहायक सडकहरु अनिवार्य रुपमा खोल्नुपर्ने भएको हुँदा तपशिल बमोजिमका सडकहरु सडकमा प्रयोग हुने डोजर,मेसिन लगाएर भएपनि उक्त सडक खोल्ने निर्णय गरियो ।

तपशिल :

१.हाँकु नियापानी ग्रामिण सडक वडा नं. ४
२.पाण्डेवाडा घट्टेघाड,गिडिखोला ग्रामिण सडक वडा नं. ४
३.चुम्लासाँघु गौतमवाडा ग्रामिण सडक वडा नं. ४
४.हियाखोला ग्रामिण सडक वडा नं. ६
५.बुदवुदी ग्रामिण सडक वडा नं.३
६.तराफी ग्रामिण सडक वडा नं. १
७ डाँगीवाडा गोरेटो बाटो वडा नं. २
८. धारमारे दिलौरी सडक वडा नं. ५

**निर्णय नं. ८** : मिति २०७९ साल असोज महिनाको १९ गते देखी २५ गते सम्म आएको अविरल वर्षाको पानिले यस तातोपानी गाउँपालिकामा तपशिल अनुसारका घरहरु पुर्ण रुपमा क्षतिग्रस्त भएकोले राहत तथा पुर्ननिर्माणको लागि सम्बन्धित निकायमा सिफारीस गरी पठाउने निर्णय गरियो ।

तपशिल :

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुर्ण भत्केका घर संख्या | १२ | १५ | २५ | ९ | ४ | ९ | ७ | ६ | ८७ |
| आंशिक रुपमा भत्केका घर संख्या | १८ | ७० | ११५ | १० | १३ | २१ | २० | १३ | २७८ |

**निर्णय नं. ९ :** यस तातोपानी गाउँपालिका अर्न्तगतको वडा नं. ६ को समाज चेतना यूवा कलव हियाखोलाले मिति २०७९ सालको शूभदिपालीको पावन अवसरमा विभिन्न कार्यक्रम संचालनको लागि रकम सहयोग मागेकोमा सो सम्बन्धमा कार्यक्रम सम्पन्न पश्चात विल भरपाई प्राप्त भएको खण्डमा रु.४०,०००।(अक्षरुपी चालिस हजार रुपैया मात्र) पर्यटन तथा खेलकुद शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो । साथै तातोपानी ४ निवासी कन्न कामीको नाती धनकृष्ण कामीको छोरा रिजन कामी नदीमा वारपार गर्नको लागि लगाईएको काठको पुल(लाप्को) बाट खसी नदीमा परी मृत्यु भएकोले सो परीवारलाई किरीयाखर्चको लागि एकमुष्ट रु.२५,०००। विपद कोष शिर्षबाट भुक्तानी दिने निर्णय समेत गरियो ।

बैठक नः५

मितिः२०७९।०७।२०

स्थानःतातोपानी गाँउ-जुम्ला

समयःदिउसो १२ बजे

माथी उल्लेखित मिति ,समय र स्थानमा यस तातोपानी गाँउपालिकाका अध्यक्ष श्री नन्द प्रसाद चौलागाई ज्यूको अध्यक्षतामा गाँउकार्यपालिकाको बैठक बसी निम्नानुसारको उपस्थितीमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती

| सि न | पदाधिकारीको नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री नन्द प्रसाद चौलागाई | अध्यक्ष | | |
| २ | श्री रेवती रावल | उपाध्यक्ष | | |
| ३ | श्री कर्ण बहादुर कठायत | वडा अध्यक्ष १ नं | | |
| ४ | श्री चन्दमान बुढा | वडा अध्यक्ष २ नं | | |
| ५ | श्री गोकर्ण रावल | वडा अध्यक्ष ३ नं | | |
| ६ | श्री अमर बहादुर रोकाया | वडा अध्यक्ष ४ नं | | |
| ७ | श्री छिरिङ्ग महत | वडा अध्यक्ष ५ नं | | |
| ८ | श्री विशाल खड्का | वडा अध्यक्ष ६ नं | | |
| ९ | श्री तिलक बहादुर रावत | वडा अध्यक्ष ७ नं | | |
| १० | श्री नर बहादुर रावत | वडा अध्यक्ष ८ नं | | |
| ११ | श्री शोभा चौलागाई | कार्यपालिका सदस्य | | |
| १२ | श्री भृकुटी नेपाली | कार्यपालिका सदस्य | | |
| १३ | श्री कृष्ण देवी शाही | कार्यपालिका सदस्य | | |
| १४ | श्री शन्त देवी बुढा | कार्यपालिका सदस्य | | |
| १५ | श्री जलुकी सार्की | कार्यपालिका सदस्य | | |
| १६ | श्री दल सिह कामी | कार्यपालिका सदस्य | | |
| १७ | श्री तीर्थ बहादुर कठायत | सदस्य सचिव | | |

**निर्णय नं. १ :**

यस तातोपानी गाउँपालिकाको वडा नं. २ मा रहेको तातोपानी धाराको संरक्षण तथा व्यवस्थापन कार्य तातो धारा आमा समुहले सन्चालन गर्दै आईरहेकोमा सो समुहले सम्पादन गरेको कार्य सन्तोषजनक नदेखिएकोले सो धाराको संरक्षण तथा व्यवस्थापनको सम्पुर्ण जिम्मा वडा नं. २ लाई मिति २०७९।०८।०१ गते देखी दिने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस तातोपानी गाउँपालिका अर्न्तगतको हाँकु रंगशालामा सम्पन्न भएको गाउँपालिका स्तरिय फुटबल प्रतियोगितामा खर्च भएको जम्मा रकम रु.२,०००,००। (अक्षरुपी दुई लाख रुपैया मात्र ) पर्यटन तथा खेलकुद शिर्षकबाट भुक्तानी दिने र वडा नं.१,२ र ३ को संयूक्त आयोजनामा गरिएको तिज कार्यक्रममा भएको जम्मा खर्च रु.६५,०००। (अक्षरुपी पैसठ्ठी हजार रुपैया मात्र) यसै शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस तातोपानी गाउँपालिका अर्न्तगतका निम्न वडाका योजनाहरु आ.व ०७९।०८० को बजेट विनियोजन हुँदा योजनाहरुको नाम कायम हुन आएकोमा हालै आएको वाढी पहिरो तथा प्राविधिक कारणले उक्त शिर्षकहरुलाई परिवर्तन गरी आउँदो हिँउदे गाउँसभाबाट अनुमोदन हुने गरी नाम संशोधन गर्ने निर्णय गरियो ।

निम्न :

| वडा नं. | भएको | हुनुपर्ने |
|---|---|---|
| ४ | पाण्डेपुल - घट्टेगाड सडक पि.सी.सी निर्माण रु.७,०००,००। | पाण्डेपुल - घट्टेगाड सडक ग्याविन सहित मर्मत |
| ४ | नेत्रज्योति मा.वि ल्याव व्यवस्थापन १२,०००,००। | पाण्डेवाडा पुल देखी बालुवा कुला सम्म ग्याविन सहित सडक निर्माण |
| ४ | जारगाउँ नयाँवस्ति खानेपानी निर्माण ६,०००,००। | जारगाउँ नयाँवस्ति खानेपानी मर्मत |
| ४ | नियापानी एक घर एक धारा निर्माण रु.५,०००,००। | नियापानी एक घर एक धारा मर्मत |
| १ | राँका दोफाट्ना देखी रानीपुनेरा सम्म ग्रावेल निर्माण रु. २,०००,००। | राँका दोफाट्ना देखी रानीपुनेरा सम्म गिट्टि बालुवा विछ्याउने |
| २ | हिमाली आ.वि फर्निचर तथा छाना मर्मत रु.४,०००,००। | हिमाली आ.वि छाना मर्मत तथा कक्षा कोठा पि.सी.सी निर्माण |

**निर्णय नं. ४ :**

यस तातोपानी गाउँपालिका अर्न्तगतको वडा नं. ३ स्थितको लिताकोट प्रहरी चौकीमा हालै आएको वाढीले क्षति पुर्‍याएको हुँदा मर्मत गरी पुरानै भवनमा सार्ने र यसै गाउँपालिका अर्न्तगत वडा नं. ८ को प्रहरी चौकी टोप्लाको भान्सा सामानहरु बगाई लिएको हुँदा सो को व्यवस्थापन गर्नको लागि रु.३०,०००।(अक्षरुपी तिस हजार रुपैया मात्र) विपद प्रकोप व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस तातोपानी गाउँपालिका वडा नं. ४ जैतपुर निवासी श्री जयधन कामीको छोरा श्री गोर बहादुर कामीको मार्सीधानको पराल खेतदेखी घर लिने क्रममा थकान मेट्नका लागि परालको विटा विसाउने क्रममा विटा संगै भिरबाट लडि मेरुदण्ड भाचिन पुगेको र निजले उपचारमा सहयोग गरीपाउँ भनि निवेदन पेश गरेको हुँदा निजलाई आर्थिक सहयोग स्वरुप रु.३०,०००।(अक्षरुपी तिस हजार रुपैया मात्र) र यसै गा.पा वडा नं. ४ निवासी परेगलाल दमाईको भारतमा मृत्यू भएको र निजका परिवारलाई सो स्थानबाट निजको स्थायी घर सम्म ल्याउनको लागि निजको आर्थिक अवस्था कमजोर भएकाले निजका घरपरिवारलाई राहत स्वरुप रु.१५,०००। आर्थिक सहायता कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस तातोपानी गाउँपालिकाको आफ्नो जग्गा पास गर्ने क्रममा भएको खर्च रकम ३ नं. वडाका वडा अध्यक्ष श्री गोकर्ण रावलले व्यहोर्नु भएको हुँदा उहाँलाई विल भरपाई अनुसारको रकम विविध शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

यस तातोपानी गाउँपालिकाको आ.व ०७९।०८० को स्विकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरुको ब्रेकडाउन गर्ने निर्णय गरियो ।

तपशिल :

| सि.नं. | भएको | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| १. | विविध खर्च ( जनता संग अध्यक्ष कार्यक्रम) | कालिका आ.वि हियाखोला खानेपानी मर्मत रु.५,०००,००। | जनता संग अध्यक्ष कार्यक्रम |
| २. | विविध ( जनता संग अध्यक्ष कार्यक्रम) | वाविरा मन्दिर गेट तथा ग्रिलसहितको घेरावार निर्माण रु.२,०००,००। | जनता संग अध्यक्ष कार्यक्रम |
| ३. | विविध कार्यक्रम खर्च ( जनता संग उपाध्यक्ष कार्यक्रम) | प्रहरी चौकी व्यवस्थापन लिताकोट रु.१,०००,००। | जनता संग उपाध्यक्ष कार्यक्रम |

बैठक नः६

मितिः२०७९।०८।१४

स्थानःतातोपानी गाँउपालिका जुम्ला

समयःदिउसो १०.३० बजे

माथी उल्लेखित मिति ,समय र स्थानमा यस तातोपानी गाँउपालिकाका अध्यक्ष श्री नन्द प्रसाद चौलागाई ज्यूको अध्यक्षतामा गाँउकार्यपालिकाको बैठक बसी निम्नानुसारको उपस्थितीमा निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिती**

| सि न | पदाधिकारीको नाम थर | पद | दस्तखत | कैपि |
|---|---|---|---|---|
| १ | श्री नन्द प्रसाद चौलागाई | अध्यक्ष | | |
| २ | श्री रेवती रावल | उपाध्यक्ष | | |
| ३ | श्री कर्ण बहादुर कठायत | वडा अध्यक्ष १ नं | | |
| ४ | श्री प्रेम बहादुर बुढा | का वा वडा अध्यक्ष २ नं | | |
| ५ | श्री गोकर्ण रावल | वडा अध्यक्ष ३ नं | | |
| ६ | श्री कली सार्की | का वा वडा अध्यक्ष ४ नं | | |
| ७ | श्री छिरिङ्ग महत | वडा अध्यक्ष ५ नं | | |
| ८ | श्री विशाल खड्का | वडा अध्यक्ष ६ नं | | |
| ९ | श्री तिलक बहादुर रावत | वडा अध्यक्ष ७ नं | | |
| १० | श्री नर बहादुर रावत | वडा अध्यक्ष ८ नं | | |
| ११ | श्री शोभा चौलागाई | कार्यपालिका सदस्य | | |
| १२ | श्री भृकुटी नेपाली | कार्यपालिका सदस्य | Bhrikuti | |
| १३ | श्री कृष्ण देवी शाही | कार्यपालिका सदस्य | | |
| १४ | श्री शन्त देवी बुढा | कार्यपालिका सदस्य | | |
| १५ | श्री जलुकी सार्की | कार्यपालिका सदस्य | | |
| १६ | श्री दल सिह कामी | कार्यपालिका सदस्य | | |
| १७ | श्री तीर्थ बहादुर कठायत | सदस्य सचिव | | |

निर्णय नं. १

यस तातोपानी गाउँपालिका वडा नं. ७ अर्न्तगतको कयरकोट देखी ताम्ती गाउँ सम्म ग्रामिण सडक निर्माण योजनाको गत आ.व मा रु. ३५ लाख विनियोजन भई तोकिएको समयमा काम सम्पन्न हुन नसकी म्याद थप भएको तथा यस आ.व मा SUTRA मा प्रविष्ट गर्दाको समयमा टाईप मिस्टेकले उक्त योजनामा ३५ लाख लेख्नु पर्नेमा भुलवस ३ लाख ५० हजार हुन गएकोले सो योजना भुक्तानी गर्न खोज्दा सुत्रमा उक्त शिर्षकमा रु.३ लाख ५० हजार देखीएको हुदा सो रकम व्यवस्थापन गर्न भैपरि आउने पुजिगत निकाशा फिर्ता शिर्षकबाट रु.३१,५०,०००। (अक्षरुपी एकतिस लाख पचास हजार रुपैया मात्र) आगामी गाउँसभाबाट अनुमोदन हुने गरी हाललाई भुक्तानी दिने निर्णय गरियो । साथै यसै गा.पा वडा नं. ५ स्थितको कर्णाली राजमार्ग देखी चौर सम्म बाटो निर्माण कार्यको कार्य सम्पन्न गरी असारमा भुक्तानी दिने अवधिमा ६,५००। करकट्टी गर्ने क्रममा भुलबस ६५०००। टाईप हुन गई उपभोक्ता समिति घाटामा भएको हुँदा माथी उल्लेखित शिर्षकबाट रु.५८५००।(अक्षरुपी अन्ठाउन्न हजार पाँच सय रुपैया मात्र) भुक्तानी दिने निर्णय समेत गरियो ।

निर्णय नं. २

यस तातोपानी गाउँपालिकाको वडा नं. ७ र ८ मा अति धेरै विकट रहेको र सो क्षेत्रमा खाद्यान्न उत्पादन पनि कम हुने भएकोले सो क्षेत्रका नागरीकलाई नेपाल खाद्य संस्थानको जुम्ला डिपोबाट खाद्यान्न लिन असहज हुने भएको हुँदा सो क्षेत्रको पायक पर्ने स्थान वडा नं. ७ को पातरसाँघुमा नेपाल खाद्य संस्थानको डिपो स्थापना गर्नलाई नेपाल खाद्य संस्थान प्रधान कार्यालय काठमाण्डौमा अनुरोध सहित सिफारीस गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ३

यस तातोपानी गाउँपालिका वडा नं. ८ बस्ने पदम बहादुर रावत कालिकोट जिल्ला खाडाचक्र नगरपालिका वडा नं. ८ स्थित सेरावाडाको खोलाले बगाएको र निजको घरको आर्थिक अवस्था कमजोर भएकाले निजका परिवारलाई कियाखर्च वापत रु.१०,०००। (अक्षरुपी दश हजार) दैवी प्रकोप शिर्षकबाट सहायता दिने निर्णय गरियो ।

निर्णय नं. ४

यस तातोपानी गाउँपालिका जेष्ठ नागरीकहरुको हकहितका लागि पालिका स्तरिय जेष्ठ नागरीक समिति आधिकारीक रुपमा गठन गर्नलाई आर्थिक सहयोग पाउँ भनि यस पालिकामा निवेदन दएको हुँदा समिति गठन गरी आधिकारीक रुपमा वैंक खाता खोली आएको खण्डमा रु.२५,०००।( अक्षरुपी पच्चिस हजार रुपैया मात्र) विविध खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस तातोपानी गाउँपालिका भित्रका तपशिलमा उल्लेखित वडाहरुमा निर्माण गरिने आधारभुत स्वास्थ्य सेवा केन्द्रका लागि निम्न व्यक्तिहरुले निशुल्क रुपमा जग्गा उपलब्ध गराउन मन्जुर भएका र सो जग्गा उपयूक्त देखिएका उक्त जग्गाहरु गाउँपालिकाले आफ्नो स्वामित्वमा लिई भवन निर्माण गर्न उपयूक्त देखिएको हुँदा सरकारी जग्गा दर्ता,उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यविधि २०७९ को दफा ५ को उपदफा २ बमोजिमको सिफारीस समितिमा लेखी पठाउने निर्णय गरियो ।

तपशिल :

| सि.नं. | जग्गाधनिको नाम | कित्ता नं. | क्षेत्रफल | वडा नं. | स्थान |
|---|---|---|---|---|---|
| १ | रण प्रसाद जैसी | ८२८ | ३०० ब.मि | ६ | आ.स्वा.से.के धौलापानी |
| २ | मुक्तिसरा बुढा र मौरी बुढा | ५३७ | ११२८ ब.मि | २ | आ.स्वा.से.के जर्मि |
| ३ | विष्णु कठायत (घराहा) | २१८ | ३८० ब.मि | १ | आ.स्वा.से.के राँका |

**निर्णय नं. ६ :**

यस तातोपानी गाउँपालिका वडा नं. ७ अन्तर्गतको कयरकोट खानेपानी निर्माणको रु.५ लाख र यसै गा.पा वडा नं. ६ स्थितको हियाखोला कालिका मन्दिर निर्माणको रु.३ लाख गत आ.व मा रकम विनियोजन भई तोकिएको समयमा काम सम्पन्न हुन नसकी म्याद थप हुनुपर्नेमा उपभोक्ता समितिले भुलवस सम्झौता फाईल घरमा लिएको र यस आ.व मा SUTRA मा प्रविष्ट नभएको देखिएकोले आउदो गाउँसभाबाट अनुमोदन हुने गरी एकमुष्ट रु. ८ लाख रुपैया भैपरि आउने पुजिगत निकाशा फिर्ता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस तातोपानी गाउँपालिकाको वडा नं. ५ बस्ने राजेश रावत मिति २०७९।०८।०१ गते ५ नं. वडा कार्यालयको विधुत पोल अड्याउने क्रममा करेन्ट लागेर मृत्यु भएको र निजको घरको आर्थिक अवस्था कमजोर भएको हुँदा मृतकका बुवा धन बहादुर रावत लाई आर्थिक सहायता स्वरुप रु.२,०००,००।(अक्षरुपी दुई लाख रुपैया मात्र) दैवि प्रकोप शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस तातोपानी गाउँपालिकाको कृषि विकासका कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन आवश्यक कार्यक्रम तर्जुमा,स्थानिय कृषि विकासका निति नियम कार्यविधि निर्धारण बमोजिम कार्यक्रम संचालन तथा कार्यन्वयन गर्न तातोपानी गाउँपालिका कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

मिति २०७९।०६।१९ गते देखी २५ गते सम्म आएको अविरल वर्षाका कारण यस तातोपानी गाउँपालिका वडा नं. १ मा रहेको माथिल्लो नदै थान भत्कि थान भित्रका घण्ट सहितका सामानहरु पुरियकाले सो थानको पुन निर्माण का लागि रु. ३,०००,००। (अक्षरुपी तिन लाख) विनियोजन गर्ने र सो रकम दैवि प्रकोप तथा विपद शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस तातोपानी गाउँपालिकाको आ.व ०७९।०८० को स्विकृत कार्यक्रम अनुसार जनता संग अध्यक्ष कार्यक्रम र जनता संग उपाध्यक्ष कार्यक्रमहरुको तपशिल अनुसार बजेट उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | हाल भएको शिर्षक | उपलब्ध गराउनु पर्ने शिर्षक | कार्यक्रम |
|---|---|---|---|
| १ | विविध खर्च (२३ लाख) बाट | लाटो बाहुन थान निर्माण खड्कावाडा वडा नं. ६, रु.१ लाख | जनता संग अध्यक्ष कार्यक्रम |
| २ | विविध खर्च (२३ लाख) बाट | फुर्केसल्ला खा.पा मर्मत वडा नं. २ ,गोप्थडा १ लाख | जनता संग अध्यक्ष कार्यक्रम |
| ३ | महिला नेतृत्व विकास तथा उद्घोषण तालिम (रु.३ लाख) बाट | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा १ लाख | जनता संग उपाध्यक्ष कार्यक्रम |

**निर्णय नं. ११**

यस तातोपानी गाउँपालिकाको स्थानिय भु उपयोग नितिको क्षेत्र वर्गिकरणका आधार,मापदण्ड तथा क्षेत्रफल लागु गर्नु पर्ने भएकोले भु उपयोग ऐन,२०७६ तथा भु उपयोग नियमावली २०७९ बमोजिम यस गा.पा मा वडा नं. १ देखी ८ सम्मका जग्गाहरुको ऐन नियमावलीमा व्यवस्था भए बमोजिम बर्गिकरण गरी ७ दिन भित्र विवरण उपलब्ध गराउन वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस तातोपानी गाउँपालिका वडा नं. ५ मा कर्णाली प्रदेशको मुख्यमन्त्री कार्यक्रम अर्न्तगतको स्यालेपानी देखी देवलडाँडा सम्म लिफ्ट सिंचाई योजनाको नाम परिवर्तन गरी वाहुना गोहो देखी चुकाखोला हुँदै श्रीनगर सामुदायिक स्याउखेति सम्म लिफ्ट सिंचाई नाम कायम राखी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय विरेन्द्रनगर सुर्खेतमा नाम र स्थान परिवर्तनको लागि सिफारीस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १३**

यस तातोपानी गाउँपालिकाको आफ्नो प्रशासनिक भवन नभएको र यस गाउँपालिकाको जग्गामा पेश नेपालको आर्थिक सहायोगमा महिला समुहका लागि भवन निर्माण भई सो भवन गाउँपालिकालाई हस्तान्तरण गर्ने प्रक्रियामा रहेकाले हाललाई सो भवनमा गाउँपालिका सारी कार्यालय संचालन गर्नुपर्ने भएको र भवनका कोठाहरु पाटेशन गरी व्यवस्थापन गर्नुपर्ने अवस्था देखिएकाले सो भवनमा व्यवस्थापन गर्नका लागि रु. ४ लाख ५० हजार विनियोजन गर्ने र सो रकम हाललाई भैपरी आउने पुजिगत निकाशा फिर्ता शिर्षकबाट भुक्तानी दिई आगामी गाउँसभाबाट अनुमोदन गराउने गरी निर्णय गरियो ।

बैठक नं. : ७
मिति : २०७९।०९।११
स्थान : तातोपानी गाउँपालिकाको सभाहल
समय : विहान ११ : ०० बजे

माथि उल्लेखित मिति,स्थान र समयमा यस तातोपानी गाउँ पालिकाका अध्यक्ष श्री नन्दप्रसाद चौलागाई ज्यू को अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसि देहायका पदाधिकारीहरुको उपस्थितिमा तपशिल बमोजिम निर्णय गरियो ।

उपस्थितिहरु

| नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री नन्द प्रसाद चौलागाई | अध्यक्ष | |
| श्री रेवति रावल | उपाध्यक्ष | |
| श्री कर्ण बहादुर कठायत | १ नं. वडा अध्यक्ष | |
| श्री चन्द्रमान बुढा | २ नं. वडा अध्यक्ष | |
| श्री भक्त बहादुर रावल | ३ नं. वडा का.वा अध्यक्ष | |
| श्री अमर बहादुर रोकाया | ४ नं. वडा अध्यक्ष | |
| श्री छिरिङ्ग महत | ५ नं. वडा अध्यक्ष | |
| श्री विशाल खड्का | ६ नं. वडा अध्यक्ष | |
| श्री तिलक बहादुर रावत | ७ नं. वडा अध्यक्ष | |
| श्री नर बहादुर रावत | ८ नं. वडा अध्यक्ष | |
| श्री शोभा चौलागाई | कार्यपालिका सदस्य | |
| श्री सन्ता देवी बुढा | कार्यपालिका सदस्य | |
| श्री दलसिंह कामी | कार्यपालिका सदस्य | |
| श्री कृष्णादेवी शाही | कार्यपालिका सदस्य | |
| श्री जलुकी सार्की | कार्यपालिका सदस्य | |
| श्री भृकुटी नेपाली | कार्यपालिका सदस्य | |
| श्री तिर्थ बहादुर कठायत | सदस्य सचिव | |

निर्णय नं. १ :
मिति २०७९ श्रावण देखी हाल सम्म भएका कार्यपालिकाका निर्णयहरुको समिक्षा गर्दै कार्यान्वयन नभएका निर्णयहरु तदारुकताका साथ कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं. २ :
यस तातोपानी गाउँपालिकाको दशौ गाउँसभा मिति २०७९ साल पौष महिनाको २१ गते विहिवारका दिनमा गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :
मिति २०७९ साल असोज १९ गते देखी २३ गते सम्म आएको बेमौसमी अविरल वर्षाको पानिले यस गाउँपालिका भित्रको विभिन्न क्षेत्रमा पुर्‍याएको क्षतिलाई मध्यनजर गर्दै गाउँपालिकाकाबाट खटाईएको प्राविधिक टोली र पालिका स्तरीय विपद व्यवस्थापन समितिले उपलब्ध गराएको विवरणका आधारमा राहत स्वरुप प्रति परिवार १० हजारका दरले राहत सामाग्री र खानेपानीका पाईप लगायत अन्य सामाग्रीहरु खरिद गरेका विलहरुको भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४ :
आ.व ०८०।०८१ का लागि प्रदेश सरकार र स्थानिय तहमा संघिय समपुरक अनुदान तथा संघिय विषेश अनुदान अर्न्तगत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि मिति २०७९।०८।११ गतेको प्रकाशित सूचना बमोजिम प्रस्ताव आवहान गरिएकोमा यस तातोपानी गाउँपालिकाका तपशिल अनुसारका वडागत रुपमा विशेष अनुदानका योजनाहरु र समपुरक योजनाहरु प्रस्ताव सहित राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरियो ।

तपशिल :

क. संघिय विशेष अनुदान

| क्र.स | वडा नं. | प्रस्तावित योजना/आयोजनाहरुको नाम |
|---|---|---|
| १. | ४ | नेत्रज्योति माध्यामिक विद्यालय खेल मैदान निर्माण |
| २. | ६ | कुडि देखी बालु सम्म देखी सिंचाई कुलो निर्माण |
| ३. | ८ | डुंग्री देखी मछाल्देउ भाड सम्म बाटो निमार्ण |
| ४. | ३ | लाछु ज्यूला तटबन्धन निर्माण |
| ५. | पोषण सुधार (वडा नं. १ देखी ८ सम्म) | |
| ६. | ७ | ताम्ती गाउँ एक घर एक धारो निर्माण |

ख. संघिय समपुरक अनुदान

| क्र.स | वडा नं. | प्रस्तावित योजना/आयोजनाहरुको नाम |
|---|---|---|
| १. | ४ | गिडिखोला, फुलचाउले ,गिडिदह जाने सडक निर्माण (गिडिदह पर्यटन क्षेत्र) |
| २. | १ | रामीज्यूला देखी खाल्मीपुछार सम्म तटबन्धन निर्माण |
| ३. | ३ | पैकला दरबार जाने बाटो र सिडि निर्माण |
| ४. | ५ | थारमारे दिलौरी सडक स्तरोउन्नती |
| ५. | ७ | पातरसाँघु देखी वारागाउँ सम्म बाटो स्तरोउन्नती |

निर्णय नं. ५ :
यस तातोपानी गाउँपालिका अर्न्तगतको वडा नं ५ स्थितको ससस्त्र प्रहरीवल स्थापनार्थ घर जग्गा निर्माण कार्यको लागि जग्गा आवश्यक पर्ने भएको हुँदा सो जग्गा उक्त शसस्त्र प्रहरी बलको नाममा जग्गा पास गर्नको लागि मालपोत कार्यालय जुम्लाको जिल्ला दर रेट अनुसार प्रति वर्ग मिटर रु.२५०। का दरले जग्गा धनिलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस तातोपानी गाउँपालिका अर्न्तगतको वडा नं. ४ स्थिको गिडिदह सम्मेलनमा भएको खर्च रकम अपुग भएको हुँदा सो सम्मलेनमा भएको भुक्तानी गर्न बाँकी रकम रु.२,३५,०००। (अक्षरुपी दुई लाख रुपैया मात्र) खेलकुद तथा पर्यटन शिर्षकबाट सम्मेलन आयोजना गर्ने ४ नं. वडा कार्यालय हाँकुलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

मिति २०७९ साल मंसिर ४ गतेका दिन सम्पन्न भएको आम निर्वाचन मतदाता शिक्षा प्रचार प्रसारमा सहयोग गरे वापत ८ जनाको प्रति व्यक्ति रु.१०,०००। का दरले जम्मा रु. ८०,०००। (अक्षरुपी असी हजार रुपैया मात्र) विविध शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

यस तातोपानी गाउँपालिकाको प्रथम चौमासिक खर्च समिक्षा र सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७९ साल पौष महिनाको १४ गतेका दिन संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

सघन सहरी तथा भवन निर्माण आयोजनाको आ.व ०७९।०८० को लागि यस तातोपानी गाउँपालिकामा प्राप्त ५१२ विपन्न परिवारहरुलाई नानो छानो कार्यक्रम अर्न्तगत माटोको छत प्रतिस्थापन गर्ने उद्धेश्यले निम्न संख्याको अधिनमा रही प्राप्त गर्ने लाभग्राहीहरुको विवरण प्रत्येक वडाहरुले आगामी आउने कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | घर प्राप्त गर्ने घरधुरी संख्या | कैफियत |
|---|---|---|---|
| १. | १ | ६२ | |
| २. | २ | ६२ | |
| ३. | ३ | ६२ | |
| ४. | ४ | ७० | |
| ५. | ५ | ६२ | |
| ६. | ६ | ६२ | |
| ७. | ७ | ७० | |
| ८. | ८ | ६२ | |
| | जम्मा घरधुरी संख्या | ५१२ | |

**निर्णय नं. १० :**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग,टङ्गाल काठमाण्डौ नेपाल द्वारा स्थानिय तहसंग सम्बन्धित उजुरीहरुको अनुसन्धान,सवालहरु तथा आयोगका तर्फबाट दिईएका सुझावहरु यस तातोपानी गाउँकार्यपालिकामा पढि बुँदा संख्या १ देखी ६१ सम्मका प्रत्येक बुँदाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

यस तातोपानी गाउँपालिकाका आ.व ०७९।०८० मा संचालन भएका तथा गत आ.व का म्याद थप भई कार्य सम्पन्न भएका विभिन्न योजनाहरुको गाउँपालिका स्तरिय योजना अनुगमन समितिकि संयोजक श्री रेवति रावल ज्यू को संयोजकत्वले प्रतिवेदन पेश गरेकोले सोही अनुसार आगामी योजनाहरुको फरफारक गरी भुक्तानी दिन सिफारीस गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. १२ :**
यस तातोपानी गाउँपालिकाको आ.व ०७९।०८० को हाल सम्म भएको खर्च विवरण कार्यपालिकामा छलफल भई जानकारी भयो तत् सम्बन्धमा योजना आयोजनाहरुको खर्च कम भएको हुँदा सो खर्च नियम कानुनको परिधि भित्र रही दायरा बढाई कामकारवाही द्रुत गतिमा अगाडि बढ्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :**
जुम्ला जिल्लाकै गौरव पर्यटकिय क्षेत्र गिडिदहको पानि निकाशो हुने ठाँउमा पर्यटकहरुलाई आवत जावत गर्नको लागि ट्रस पुलको आवश्यकता देखिएकोले सो क्षेत्रमा काम गर्ने श्री झुलुङ्गेपुल क्षेत्र विकास कार्यक्रम सुर्खेत समक्ष प्रस्ताव पेशका लागि सेवा प्रदायिक संस्था श्री सुर्य सामाजिक सेवा संघ मार्फत माथि उल्लेखित पर्यटन क्षेत्रको गिडिदह ट्रस पुल लगायत यस तातोपानी गाउँपालिकाका निम्न अन्य स्थानहरुमा झुलङ्गे पुलहरुको सर्वे गरी प्रस्ताव गर्न अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल :

| | |
|---|---|
| १. गिडिदह निकाश ट्रस पुल | वडा नं. ४ |
| २. खार झुलुङ्गे पुल निर्माण | वडा नं. ४ |
| ३. राँका ट्रस पुल निर्माण | वडा नं. १ |
| ४. जर्मि डाँगीवाडा ट्रस निर्माण | वडा नं. २ |
| ५. ताम्ती वारागाउँ झो.पु निर्माण | वडा नं. ७ |
| ६. वारागाउँ मछाल्देउ झो.पु निर्माण | वडा नं. ८ |

**निर्णय नं. १३ :**
भारतको नयाँ दिल्लीमा हुने T20 दृष्टीविहन विश्वकप खेलमा यस तातोपानी गाउँपालिका वडा नं. ५ का भरत चौलागाईले कर्णाली प्रदेस सरकारका तर्फबाट भाग लिन जाने भएकोले निजलाई नयाँदिल्ली तर्फ जान र आउन भाडा मात्र उपलब्ध गराउने भएकोले निजलाई खान,बस्नको लागि यस गा.पा बाट आर्थिक सहयोग गरिदिनु हुन भनि नेत्रविहिन क्रिकेट संघ नेपालको पत्र प्राप्त हुन आएको हुँदा निजलाई रु.२५,०००।(अक्षरुपी पच्चिस हजार मात्र) खेलकुद तथापर्यटन शिर्षकबाट भुक्तानि दिने निर्णय गरियो ।

**निर्णय नं. १४ :**
यस तातोपानी गाउँपालिका भित्रका आधारभुत विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्नु पर्ने देखिएकोले नवप्रवर्द्धन साझेदारी कोषमा शिक्षा तथा खेलकुद शाखाले आयोजना छनौट गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १५ :**
नेपाल कृषि सेवा अर्न्तगत सहायक स्तर पाँचौ तहमा कार्यरत श्री पदम नेपाली (कर्मचारी संकेत नं. २२६१५३) ले सुदुरपश्चिम विद्यालय टिकापुर ,कैलालीको कृषि विज्ञान संकाय अर्न्तगत स्नातक तह बि.एस.सी एजि को प्रवेश परिक्षामा समेल हुन तथा प्रवेश परिक्षा उत्तिण पश्चात भर्ना भई निजामति सेवा ऐन /नियमावलीमा व्यवस्था भए बमोजिम तलवि अध्ययन विदा लिई अध्ययन गर्न पाउने प्रयोजनको लागि पुर्व स्विकृति पाउनको लागि कृषि तथा पशुपंछि विकास मन्त्रालय सिंहदरवार,काठमाण्डौमा सिफरीस गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं. १६ :**
यस तातोपानी गाउँपालिका कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ को २.२ बमोजिम तपशिल बमोजिमको कृषि विकास समति गठन तथा परिचालन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल :

१.गाउँपालिकाको अर्थिक विकास समितिको संयोजक श्री गोकर्ण रावल संयोजक
२.गाउँ कार्यपालिकाकी कार्यपालिका सदस्य श्री कृष्णा देवी शाही सदस्य
३. गाउँ कार्यपालिकाले तोकेको दलित,अल्पसंख्यक कार्यपालिका सदस्य श्री भृकुटी नेपाली सदस्य
४. गाउँपालिका योजना शाखा प्रमुख श्री ओम बहादुर चन्द सदस्य
५. गाउँपालिका कृषि उद्यमी ,व्यवशायी,एग्रोभेटका प्रतिनिधि श्री सदस्य
६. कृषी सहकारी संस्थाका महिला प्रतिनिधि श्री कविता पराजुली सदस्य
७.गाउँपालिका अगुवा कृषक प्रतिनिधी श्री परान धराला सदस्य
८.गाउँपालिका सहकारी शाखा प्रमुख श्री अग्नी प्रसाद न्यौपाने सदस्य
९. कृषि शाखा संयोजक श्री पदम नेपाली सदस्य सचिव

बैठक नं. : ८
मिति : २०७९।०९।१९
स्थान : तातोपानी गाउँपालिकाको सभाहल
समय : बिहान ११ : ३० बजे

माथि उल्लेखित मिति,स्थान र समयमा यस तातोपानी गाउँ पालिकाका अध्यक्ष श्री नन्दप्रसाद चौलागाई ज्यू को अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसि देहायका पदाधिकारीहरुको उपस्थितिमा तपशिल बमोजिम निर्णय गरियो ।

उपस्थितिहरु

| नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री नन्द प्रसाद चौलागाई | अध्यक्ष | |
| श्री रेवति रावल | उपाध्यक्ष | |
| श्री कर्ण बहादुर कठायत | १ नं. वडा अध्यक्ष | |
| श्री चन्द्रमान बुढा | २ नं. वडा अध्यक्ष | |
| श्री गोकर्ण रावल | ३ नं. वडा अध्यक्ष | |
| श्री अमर बहादुर रोकाया | ४ नं. वडा अध्यक्ष | |
| श्री छिरिङ्ग महत | ५ नं. वडा अध्यक्ष | |
| श्री विशाल खड्का | ६ नं. वडा अध्यक्ष | |
| श्री तिलक बहादुर रावत | ७ नं. वडा अध्यक्ष | |
| श्री नर बहादुर रावत | ८ नं. वडा अध्यक्ष | |
| श्री शोभा चौलागाई | कार्यपालिका सदस्य | |
| श्री सन्ता देवी बुढा | कार्यपालिका सदस्य | |
| श्री दलसिंह कामी | कार्यपालिका सदस्य | |
| श्री कृष्णादेवी शाही | कार्यपालिका सदस्य | |
| श्री जलुकी सार्की | कार्यपालिका सदस्य | |
| श्री भृकुटी नेपाली | कार्यपालिका सदस्य | |
| श्री तिर्थ बहादुर कठायत | सदस्य सचिव | |

**निर्णय नं. १ :**

